# पशुपतिनाथमा रङरोगन, सरसफाइसहित पूर्वाधार सुधारका काम सुरु

काठमाडौँ(जस)-यस वर्षको महाशिवरात्रि पर्वलाई लक्षित गर्दै आराध्यदेव भगवान् पशुपतिनाथ मन्दिर परिसर तथा आसपासका क्षेत्रहरूमा रङरोगन, सरसफाइ तथा पूर्वाधार सुधारका काम सुरु गरिएको छ । भक्तजनलाई सहज तथा सुरक्षित रूपमा दर्शन गराउने उद्देश्यले मन्दिरलगायत आसपासका क्षेत्रमा विशेष सरसफाइदेखि अन्य तयारी सञ्चालन गरिएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ ।

महाशिवरात्रिका तयारीका लागि मूल समारोह समितिअन्तर्गत नौवटा विषयगत उपसमिति गठन गरी काम अघि बढाइएको पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक एवं प्रवक्ता सुभाषचन्द्र जोशीले जानकारी दिए । उनले भने, “महाशिवरात्रिको तयारीका लागि समिति पूर्ण रूपमा सक्रिय छ । साधु-सन्त, भक्तजन तथा दर्शनार्थीलाई सुविधा पुर्‍याउने लक्ष्यका साथ व्यवस्थापन, सुरक्षा, स्वास्थ्य, सरसफाइ, यातायात र प्रचार-प्रसारलगायत क्षेत्रमा काम



भइरहेको छ ।”

महाशिवरात्रिका दिन ठूलो सङ्ख्यामा भक्तजन पशुपतिनाथ दर्शनका लागि आउने भएकाले भीड व्यवस्थापन, सुरक्षा व्यवस्था र आपत्कालीन सेवामा विशेष ध्यान दिइएको र सुरक्षाकर्मी, स्वयंसेवक र विभिन्न सङ्घसंस्थासँगको समन्वयमा तयारीलाई तीव्रता दिइएको प्रवक्ता जोशीले बताए । यसैगरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री एवं पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्का अध्यक्ष अनिलकुमार सिन्हाको अध्यक्षतामा महाशिवरात्रि २०८२ को तयारीका लागि १७१ सदस्यीय मूल समारोह समिति गठन गरिएको छ । समितिले महाशिवरात्रि पर्वलाई व्यवस्थित, मर्यादित र भव्य रूपमा सम्पन्न गर्ने उद्देश्य राखेको छ ।

महाशिवरात्रि पर्वलाई लक्षित गर्दै अहिले पशुपतिनाथमा साधु-सन्तहरूको आगमन हुने क्रम तीव्र रूपमा सुरु भएको छ । देशका विभिन्न भू-भागका साथै छिमेकी मुलुक भारतबाट साधु-सन्तहरू पशुपतिनाथ क्षेत्रमा आउन थालेका छन् । महाशिवरात्रि पर्व नजिकिँदै जाँदा यहाँ साधु-सन्तहरूको चहलपहल उल्लेख्य रूपमा बढ्दै गएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ । विभिन्न अखडा तथा सम्प्रदायका साधु-सन्तहरू पशुपति क्षेत्रमा आइपुगी आ-आफ्ना धुनी स्थापना गर्न थालेका छन् । साधु-सन्तहरूले पशुपति क्षेत्रका विभिन्न स्थानमा ध्यान, तपस्या र साधनाका लागि धुनी तयार गरिरहेका छन् । यस वर्ष महाशिवरात्रि पर्व फागुन ३ गते परेको छ ।

महाशिवरात्रि नजिकिँदै जाँदा पशुपति क्षेत्रमा धार्मिक गतिविधि बढ्दै गएको छ। साधु-सन्तहरूको आगमनसँगै भक्तजनको आवागमन पनि बढ्न थालेको कोषले जनाएको छ । महाशिवरात्रि हिन्दू धर्मावलम्बीहरूको महत्त्वपूर्ण पर्व भएकाले स्वदेशी तथा विदेशी श्रद्धालुहरूको उल्लेख्य उपस्थिति रहने अपेक्षा गरिएको छ । यस पर्वलाई व्यवस्थित र सफल रूपमा सम्पन्न गर्न पशुपति क्षेत्र विकास कोष, नेपाल सरकार तथा सम्बन्धित निकायहरू सक्रिय रूपमा जुटिरहेका छन् ।

# सार्वजनिक यातायात सुधार गर्दै कामपा

काठमाडौँ(जस)-काठमाडौँ महानगरपालिकाले सार्वजनिक यातायात प्रणाली सुधार गर्नुपर्ने भन्दै प्रक्रिया अघि बढाएको छ । कामपाको कार्यवाहक प्रमुख सुनिता डङ्गोलले निजी कार छोडेर सार्वजनिक यातायातका साधनको प्रयोगलाई छान्ने अवस्था बनाउनका लागि सम्बन्ध भएकाहरूसँग छलफल अघि बढाइसकेको जानकारी दिइन । उनले भनिन, “हामीलाई थाहा छ, यो लक्ष्यमा पुग्न सजिलो छैन । तर, हामीले यो लक्ष्य हासिल नगरी हुँदैन ।” भरपर्दो सार्वजनिक यातायात प्रणाली विकास गर्नका लागि योजनासहित चरणबद्ध रूपमा अघि बढ्नुपर्छ ।

यसअघि साझा यातायातका अधिकारीसँग ललितपुरको पाटन अस्पतालदेखि अल्का, नर्भिक, प्रसूति गृह, ट्रमा सेन्टर, वीर अस्पताल,




कान्ति अस्पताल, टिचिङ अस्पताल, गङ्गालाल हृदय केन्द्र, भएको भेटका क्रममा एउटा अस्पतालदेखि अर्को अस्पतालसम्म जोड्ने तथा कलङ्कीदेखि कालीमाटी, त्रिपुरेश्वर, थापाथली, माइतीघर मण्डला, बानेश्वर, मीनभवन, तीनकुने हुँदै अन्तरराष्ट्रिय विमानस्थलसम्म रात्रिकालीन विद्युतीय बस सञ्चालन सम्भावनाका विषयमा कुराकानी भइसकेको पनि उनले जानकारी दिइन ।

पूर्वाधार सुधार गरेर वातावरणमैत्री, यात्रुमैत्री सार्वजनिक यातायातको सञ्चालन गर्ने, व्यवस्थापन गर्ने योजनालाई कामपाले महत्त्वका साथ अघि बढाएको बताइएको छ । सूचना प्रविधिमा आधारित नगदविहीन (क्यासलेस) एकीकृत यातायात प्रणाली विकास गर्ने, वास्तविक समयमा आधारित सूचना प्रणाली विकास गर्ने तथा विकास गरिएका प्रणाली कार्यान्वयनमा ल्याउने, बस बिसौनी, बिसौनीमा सार्वजनिक शौचालय निर्माण र सञ्चालन, पैदलयात्री, अपाङ्गता भएका व्यक्ति, साइकल यात्रीमैत्री सडक निर्माण तथा व्यवस्थापन सार्वजनिक यातायात व्यवस्थापनका कोणबाट सामना गर्नुपर्ने चुनौती हुन् ।

सार्वजनिक यातायातसँग सम्बन्धित विवरण सङ्कलन, अभिलेखन, अद्यावधिक र गुणात्मक उपयोग गर्ने, आवास क्षेत्र, व्यापारिक केन्द्र वा सपिङ मलमा यातायात सेवाको उपलब्ध बढाउने, यसबापत सेवा शुल्क तोक्ने, रुट निर्धारण गर्ने, निर्धारण गरिएका रुटमा एकतर्फी, दोहोरो सञ्चालन, तोकिएका सवार साधनलाई पूर्ण वा आंशिक निषेध गर्नेजस्ता काम गर्नुपर्ने देखिन्छ । यी कामहरू तहगत सरकार, निजी साझेदार तथा समुदाय स्तरसम्ममा गर्नुपर्ने कामपाको भनाइ छ ।


**नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेज लि., थापाथली प्रस्तावक रहेको नर्भिक इन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज लि.को पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (SEIA) प्रतिवेदनको तयारी सम्बन्धी सार्वजनिक सूचना**

(प्रकाशित मितिः २०८२/१०/२७)

बागमती प्रदेश, काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका वडा नं. ११, थापाथलीमा नर्भिक इन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज लि. ले निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिरहेको छ।

| | |
|---|---|
| **प्रस्तावको नाम** | नर्भिक इन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज लि. को पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (SEIA) प्रतिवेदन |
| **प्रस्तावको व्यहोरा** | नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेज लि. थापाथलीमा अवस्थित नेपालकै अग्रणी स्वास्थ्य सेवा प्रदायक संस्था हो। हाल २०० शय्यासहित सञ्चालन मा रहेको यस अस्पतालले काठमाडौं उपत्यकाको उच्च जनघनत्व तथा स्वास्थ्य सेवाको बढ्दो आवश्यकतालाई ध्यानमा राख्दै, प्रस्तावित स्तरोन्नति योजनाले गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहलाई १०० शय्या थप गरी ३०० शय्यामा स्तरोन्नति गर्ने योजना राखेको छ। स्तरोन्नतिपछि अस्पतालमा दैनिक करिब धेरै बिरामीलाई सेवा प्रदान गर्ने अपेक्षा गरिएको छ। सोही अनुसार, थप शय्याको भवन स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन अनुसार नयाँ भवन निर्माण गर्न कोभिड महामारी लगाएतले गर्दा ढिलो भएको कारणले नयाँ भवन (तल्ला संख्याः २ वटा भूमिगत तल्ला, भुइँ तल्ला सहित ८ तल्ला) सञ्चालनमा हाल आईनसकेको ले २०० शय्या मा थप १०० शय्या गरी कूल ३०० शय्यामा संचालनको लागि पूरक वातावरणीय मूल्याङ्कन प्रतिवेदन तयार गरिएको हो। |
| **प्रभाव पार्न सक्ने जिल्ला/ स्थानीय तह** | प्रदेशः बागमती, जिल्लाः काठमाडौं, महानगरपालिकाः काठमाडौं महानगरपालिका, वडाः ११, थापाथली |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानका सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाब लिन आवश्यक भएकोले यस सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेज लि., थापाथली, इमेलः info@norvichospital.com, फोनः ९७७-०१-५९७००३२, ९८०१२३६१०० |
| **परामर्शदाताको नाम ठेगाना** | नेपाल रुरल एंड एडभान्समेन्ट कमिटि प्रा.लि. अनामनगर, काठमाडौं, इमेलः info.nracnepal@gmail.com, फोनः ९८५११४९२१६ |


# तेह्रौँ राष्ट्रिय खगोल विज्ञान ओलम्पियाड

## प्रथम चरणको नतिजा सार्वजनिक



काठमाडौँ(जस)-नेपाल एस्ट्रोनोमिकल सोसाइटी (नासो) ले १३औँ राष्ट्रिय खगोल विज्ञान ओलम्पियाड २०२६ को प्रथम चरण (प्रदेशस्तरीय) परीक्षाको नतिजा सार्वजनिक गरेको छ । यस चरणमा सफल विद्यार्थीहरू राष्ट्रियस्तरको दोस्रो चरणका लागि छनोट भएका छन् । प्रथम चरणको परीक्षा शनिबार, १७ जनवरी २०२६ मा दिउँसो १२ बजेदेखि २ बजेसम्म एकैसाथ देशभरका विभिन्न प्रदेश राजधानी मोरङ, धनुषा, काठमाडौँ, कास्की, रुपन्देही, सुर्खेत र कैलालीमा सञ्चालन गरिएको थियो। मूल्याङ्कनमा ३२ वा सोभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरू दोस्रो चरणमा प्रवेश पाएको नासोका अध्यक्ष सुरेश भट्टराईले जानकारी दिए ।

गत वर्षदेखि यो कार्यक्रमले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट राष्ट्रियस्तरको ओलम्पियाडको मान्यता पाएको छ । साथै मन्त्रालयसँग भएको सहमतिअनुसार सहआयोजकका रूपमा राष्ट्रियस्तरको कार्यक्रम सञ्चालन गर्न आंशिक आर्थिक तथा आवश्यक प्राविधिक सहयोग रहनेछ। नासोका अनुसार यस वर्षको ओलम्पियाडमा सातै प्रदेशबाट उल्लेखनीय सहभागिता देखिएको छ । सामुदायिक, निजी, आवासीय तथा विशेष विद्यालयहरूबाट आएका विद्यार्थीहरूले प्रतिस्पर्धात्मक प्रदर्शन गरेका छन् ।

कोशी प्रदेश (सिनियर) तर्फ शिक्षादीप बोर्डिङ सेकेन्डरी स्कुलका सिद्धान्त पराजुली प्रथम भएका छन् भने जुनियर समूहमा बाल कल्याण विद्या मन्दिरका शहवाज आलम शीर्ष स्थानमा रहे । मधेस प्रदेशमा सिनियर समूहबाट ज्ञानदा एकेडेमीका गौरव गुप्ता पहिलो भएका छन् । बागमती प्रदेशबाट सबैभन्दा बबढी विद्यार्थी राष्ट्रिय चरणका लागि छनोट भएका छन् । सिनियर समूहमा काठमाडौँ मोडल स्कुल, ललितपुरका आर्यन खड्का र जुनियर समूहमा काठमाडौँ प्रज्ञा कुञ्ज स्कुलका सम्पन्न दाहाल प्रथम भएका छन् ।

यसैगरी गण्डकी प्रदेशमा सिनियरतर्फ मदरल्यान्ड सेकेन्डरी स्कुलका शाश्वत रेग्मी, लुम्बिनी प्रदेशमा बिहान न्यौपाने, कर्णाली प्रदेशमा नमुना शाह, तथा सुदूरपश्चिम प्रदेशमा प्रशुद पन्तले सिनियर समूहमा पहिलो स्थान हासिल गरेका छन् । नासोका अनुसार दोस्रो चरण (राष्ट्रियस्तर) को कार्यक्रम हाइब्रिड मोडलमा सञ्चालन हुनेछ । अधिकांश शैक्षिक सत्रहरू ‘अनलाइन’ माध्यमबाट हुने छन भने आवश्यक परेमा विद्यार्थीहरूले प्रदेश समन्वयकर्तामार्फत केही गतिविधि सम्पन्न गर्नुपर्नेछ। छनोट भएका विद्यार्थीहरूलाई फेब्रुअरी १५, २०२६ भित्र इमेलमार्फत सहभागिता पुष्टि गर्न अनुरोध गरिएको उनले बताए । राष्ट्रिय चरणकोअन्तर्गत दोस्रो र तेस्रो चरण सञ्चालन हुनेछन् जसमा दोस्रो चरण घरै बसी दिन सकिनेछ भने तेस्रो चरणका लागि एकहप्ते बन्द शिविरका लागि काठमाडौँ आउनुपर्नेछ । उत्कृष्ट विद्यार्थीहरू छनोट गरी अन्तरराष्ट्रिय खगोल तथा खगोलभौतिक ओलम्पियाडका लागि नेपालको टोली तयार गरिनेछ ।

# अवैध लागूऔषधसहित विभिन्न स्थानबाट १४ जना पक्राउ

काठमाडौँ(जस)-प्रहरीले अवैध लागूऔषधसहित देशका विभिन्न स्थानबाट १४ जनालाई पक्राउ गरी सोमबार सार्वजनिक गरेको छ । पक्राउ पर्नेहरूमा तारकेश्वर नगरपालिका-६ जरङ्ख बस्ने नवलपरासी पूर्व घर भएका २४ वर्षीय गुराँस गुरुङ र काठमाडौँ नारायणथान बस्ने सिन्धुली दुधौली गाउँपालिका-२ घर भएका २३ वर्षीय रोशन भुजेल रहेका छन् ।

उनीहरका साथबाट प्रहरीले नियन्त्रित लागूऔषध ट्रामाडोल एक हजार ८०० ट्याब्लेट बरामद गरेको छ। उनीहरूलाई लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागूऔषधसहित पक्राउ गरेको हो । यसैगरी काठमाडौँ महानगरपालिका-१६ ढुङ्गेधारा चोकबाट नियन्त्रित लागूऔषध ट्रामाडोल ५९० ट्याब्लेटसहित काठमाडौँ टेकु बस्ने नुवाकोट घर भएका २२ वर्षीय प्रकाश ठकुरीलाई सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ । उक्त स्थानमा खटिएको प्रहरीले बा५५प ८४६६ नम्बरको स्कुटरलाई जाँच गर्ने क्रममा डिकीमा उक्त लागूऔषध फेला पारी चालक ठकुरीलाई पक्राउ गरेको हो ।

यसैगरी काठमाडौँ महानगरपालिका-१८ नरदेवीबाट नियन्त्रित लागूऔषध ट्रामाडोल ४७० ट्याब्लेटसहित तीन जनालाई गएराति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने मकवानपुर घर भएका २४ वर्षीय राजेश गमाल, कालीकोट घर भएका २२ वर्षीय निराञ्जन रोकाय र काठमाडौँ महानगरपालिका-१८ घर भएका कुशलरत्न तुलाधर रहेका केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले जानकारी दिए । उनीहरूलाई प्रहरी वृत्त जनसेवाबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागूऔषधसहित पक्राउ गरेको हो ।

उता लम्कीचुहा नगरपालिका-१ लम्की बजारबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ११० मिलिग्रामसहित सोही ठाउँ बस्ने १९ वर्षीय प्रेम विकलाई प्रहरीले पक्राउ गरेको छ । निजलाई इलाका प्रहरी कार्यालय लम्कीबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो । कैलालीकै टीकापुर नगरपालिका-९ खक्रौलाबाट अवैध लागूऔषध खैरो हेरोइनजस्तो देखिने पदार्थ एक ग्राम ३९० मिलिग्रामसहित सोही नगरपालिका-८ बस्ने १९ वर्षीय धनराज बुढा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।


**कालिका नगरपालिका**

**नगर कार्यपालिकाको कार्यलय**

रेडक्रसग्राम, चितवन, बागमती प्रदेश, नेपाल

**विषयः प्राविधिक प्रस्ताव स्वीकृति/आर्थिक प्रस्ताव खोल्ने वारे सूचना**

(सूचना प्रकाशन मितिः २०८२-१०-२७)

यस कालिका नगरपालिकावाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित वोलपत्र आब्वानको सूचनाको म्याद भित्र पर्न आएका वोलपत्रहरुको प्राविधिक प्रस्तावहरु मूल्यांकन हुँदा सारभूत रुपमा प्रभावग्राही निम्नानुसारको वोलपत्रहरु प्राविधिक प्रस्ताव स्वीकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ज. (४) र (५) प्रयोजनका लागि सारभूत रुपमा प्रभावग्राही वोलपत्रहरुको तपसिलमा उल्लेखित स्थान, मिति र समयमा आर्थिक प्रस्ताव खोलिने हुँदा सम्वन्धित सबैको जानकरीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं | ठेक्का नं | कार्याक्रमको नाम | सूचना प्रकाशित मिति | सारभूत रुपमा प्रभावग्राही वोलपत्रहरु | आर्थिक प्रस्ताव खोलिने विवरण | |
|---|---|---|---|---|---|---|
| | | | | | ठाउँ | मिति र समय |
| 1. | 14/Works/NCB/ KM/2082/083 | Thang Khola River Training Management Works | 2082-08-08 (24th November, 2025) | 1. Amalachuli - G.R. M J.V., Kalika Municipality-09, Chitwan<br>2. Anjana/Sambriddhi/M.P. J.V., Bharatpur, Chitwan<br>3. Siddhagadhi - Pancha Pokhari Joint Venture, Koteshwor-32, Kathmandu<br>4. Shakti Shiva Construction Shakti Shiva General Suppliers, Bharatpur, Chitwan | Kalika Municipality, Office of Municipal Executive, Redcrossgram, Chitwan | 2082-11-08 (BS) / 20th February, 2026 (AD) At 13:00 HRS.(Noon) |

प्रमुख प्रशासकीय अधिकृत